नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२४० दायर मितिः-२०८१/१०/०६**

**फैसला मितिः-२०८१/१०/२४**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **चन्दन ठाकुरको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला सर्लाही लालबन्दी न.पा.वडा नं.९ बस्ने डम्बर बहादुर क्षेत्रीको छोरा बर्ष ३८ को भिमबहादुर क्षेत्री .........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शिवजी प्रसाद साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०९।१९ गते अं.२२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.८ स्थित सैलुनमा काम गर्ने क्रममा सोही सैलुनमा आफ्नो मोबाईल चार्जमा राखेकोमा प्रतिवादी भिमबहादुर क्षेत्री पसलभित्र प्रवेश गरी गएकोमा साँझ पसल बन्द गर्ने समयमा आफ्नो मोबाईल खोज्दा नभेटेकोले निज भिमबहादुर क्षेत्रीले नै लगेको सिसि.टि.भी. फुटेजबाट देखिएकोले निजलाई खोजतलास गरी मोबाईल सम्बन्धमा सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीलले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिक्षेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी भिमबहादुर क्षेत्रीलाई कैद दिन १७, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी भिमबहादुर क्षेत्रीलाई ठहरेको कैद दिन १७ को हकमा निज मिति २०८१/०९/१९ देखि २०८१/१०/०६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा नं.र.नं.२०१/२०८१/१०/०७ बाट दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २४ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लाथ्व नवमी, शुभम् ........